आज मिति २०८२/०४/२१ का दिन सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रीको जिम्मेवारी सम्हालेको १ वर्ष पूरा भएको अवसरमा सम्पूर्ण सुदूरपश्चिम प्रदेशबासी आदरणीय दिदीबहिनी तथा दाजुभाईहरुप्रति हार्दिक धन्यवाद, कृतज्ञता र सम्मान प्रकट गर्न चाहान्छुँ ।

प्रदेश सरकारको वार्षिक विकास कार्यक्रम एवम् क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि सम्बन्धित स्थानीय तह, प्रदेश सरकार, प्राविधिक टोली, निर्माण व्यवसायी, जनप्रतिनिधि र नागरिक समाजको सहकार्य आवश्यक हुने गर्दछ । विकास कार्यक्रम एवम् क्रियाकलापहरु कार्यान्वयनका दौरान सरोकारवाला सबैबाट प्राप्त अर्थपूर्ण सहयोग एवम् समर्थनका लागि यहाँहरुप्रति म हार्दिक आभारी छुँ ।

उपलब्ध सीमित स्रोत, साधन र जनशक्तिको उच्चतम उपयोग गर्दै सरोकारवाला सबैको अर्थपूर्ण सहभागिताका कारण गत आ.व. २०८१/०८२ मा हामीले सडक सञ्जालको विस्तार, सडक पुल निर्माण, यातायात व्यवस्थामा सुधार, खानेपानी सेवा विस्तार, ऊर्जा जलस्रोत तथा सिंचाइ सेवा निर्माण एवम् विस्तार, विपन्न लक्षित वर्गका आवास निर्माण (जनता आवास कार्यक्रम कार्यान्वयन) लगायत ठूला पूर्वाधार आयोजनाहरूको कार्यान्वयनमा तपसिल बमोजिमको उल्लेखनीय उपलब्धि/प्रगति हासिल गर्न सफल भएका छौं ।

**<u>गत आ.व. २०८१/०८२ मा हासिल भएका मुख्य-मुख्य उपलब्धिहरु:</u>**

- कालोपत्रे सडक 106.2 कि.मि. निर्माण सम्पन्न गरिएको छ ।
- खण्डास्मित (ग्रावेल) सडक 10२.८ कि.मि. निर्माण सम्पन्न गरिएको छ ।
- माटे सडक 1४७.१६ कि.मि. निर्माण सम्पन्न गरिएको छ ।
- सडक पूल ६ वटा निर्माण सम्पन्न गरिएको छ ।
- प्रादेशिक सडक सञ्जाल गुरुआयोजना (PTMP) स्वीकृत गरिएको छ । जस अन्तर्गत ७० वटा प्रदेश लोकमार्ग, ११९ वटा प्रदेश सहायक मार्ग र १९० वटा अन्य विशेष उद्देश्यका सडकहरु समावेश गरिएका छन् ।
- अछामको जयगढ-रामारोशन सडक, बझाङ्गको चैनपुर-सुर्मा सडक र दार्चुलाको खलंगा-खार-देथला सडकको बाढी तथा पहिरोबाट क्षतिग्रस्त सडकखण्डको पुनर्स्थापना अध्ययन प्रतिवेदन तयार गरिएको छ ।
- विश्व बैंकको सहयोगमा २ वटा सडकहरु (चुरे गाउँपालिका, कैलाली र लालझाडी गाउँपालिका, कञ्चनपुर अन्तर्गत) को ठेक्का सम्झौता भई निर्माण कार्य कार्यान्वयनको चरणमा रहेको छ ।
- सडकतर्फ ४२ वटा, सडक पुलतर्फ ३६ वटा, झोलुङ्गे पुलतर्फ ४ वटा, भवनतर्फ १ वटा र सिंचाइतर्फ २ वटा गरी जम्मा ८५ वटा बहुवर्षीय आयोजनाहरुको लागि सशर्त स्रोत सहमति सुनिश्चित भईसकेकोमा सिंचाइतर्फका २ वटा बाहेक अन्य ८३ वटा आयोजनाहरुको बहुवर्षीय ठेक्का आह्वान भई निर्माणको चरणमा रहेका छन् ।
- अपर-सुनौयागाड र नौगाड जलविद्युत आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ ।

- नयाँ सिंचाइ आयोजनाहरूबाट १६८२.४ हेक्टर तथा पुराना सिंचाइ आयोजनाहरुको मर्मत सम्भार गरी कुल १३९४७.४ हेक्टर जमिन सिंचित हुने भएकोले कृषि उत्पादनमा उल्लेख्य सहयोग हुने अपेक्षा गरिएको छ ।
- ३२ वटा डिप ट्युवेल जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।
- २६.८३४ कि.मि. तटबन्ध निर्माण गरी ३७.५ हेक्टर जमिन उकास तथा संरक्षण गरिएको छ ।
- खानेपानी सेवा विस्तारका लागि ८४१ वटा इन्टेक निर्माण, ४ वटा डीप ट्युवेल जडान, ५१६ वटा पानी पोखरी निर्माण, २१३३ कि.मि. पाइप लाइन जडान गर्ने कार्य सम्पन्न भई कुल ११,९३९ घरधुरी लाभान्वित भएका छन् । खानेपानीका कुल १७३ योजना सम्पन्न भई कुल ८३,५८५ जनाको आधारभूतस्तरको र १९,२८७ जनाको मध्यमस्तरको खानेपानी सेवामा पहुँच सुनिश्चित भएको छ ।
- संघ, प्रदेश र स्थानीय तहको सहलगानीमा सञ्चालन हुने कुल एक सय मिलियन अमेरिकी डलर (तदनुसार १३ अर्ब ३८ करोड ७० लाख रुपैयाँ) लागत अनुमान गरिएको खानेपानी सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत दिपायल सिलगढी नगरपालिका, बर्दगोरिया गाउँपालिका, जोशीपुर गाउँपालिका र जानकी गाउँपालिकासंग लागत साझेदारीको समझदारी (MoU) पत्रमा हस्ताक्षर भई कार्यान्वयनको चरणमा रहेको छ ।
- ६ वटा सरकारी/सामूदायिक भवन निर्माण सम्पन्न गरिएको छ ।
- विपन्न लक्षित वर्गका आवास निर्माण गर्ने कार्यक्रम (जनता आवास योजना) अन्तर्गत ११० वटा आवासहरु निर्माण सम्पन्न गरिएका छन् ।
- १० वटा खेल मैदान, ३ वटा पार्क र २ वटा कवर्ड हल निर्माण कार्य सम्पन्न गरिएको छ ।
- सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली (दोस्रो संशोधन),२०८१ को मस्यौदा स्वीकृत गरिएको छ ।
- यातायात व्यवस्था कार्यालयहरु मार्फत रु. १ अर्व ७ करोड १६ लाख राजश्व संकलन गरिएको छ ।

सरोकारवाला सबैलाई पुन: हार्दिक धन्यवाद ज्ञापन गर्दै भौतिक पूर्वाधार विकासको क्षेत्रलाई आगामी आ.व. २०८२/०८३ मा अझै प्रगतिशील र उत्साहवर्द्धक बनाउन यहाँहरु सबैको सल्लाह, सुझावको अपेक्षा गरेको छुँ । साथै आम सुदूरपश्चिमबासीहरुको आशा र विश्वासप्रति म सधैं उत्तरदायी रहने प्रतिबद्धता व्यक्त गर्दछुँ । धन्यवाद । नमस्कार ।